नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

# राष्ट्रिय ट्रमा सेन्टर

महाँकाल, काठमाडौं

फोन :०१-४२२५२७५

## सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

आ.व. २०८२/०८३

प्रथम पटक प्रकाशित मितिः२०८३।०३।३०

पुनः सूचना प्रकाशित मिति २०८३।०७।११

यस राष्ट्रिय ट्रमा सेन्टरको मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा पुनः लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम बिक्री गरिने सम्पत्ति र मालसामानको विवरण

| सि.नं. | लिलाम हुने सम्पत्ति त था जिन्सी मालसामान | शुरु खरिद मिति | ब्राण्ड | स्पेसिफिकेशन | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| १. | मेडिकल उपकरण, अस्पताल फर्निचर, औजार, कार्यालय उपकरण, फर्निचर, मर्मत तथा निर्माण पश्चात् निस्किएका धातुजन्य सामाग्रीहरु । | विभिन्न | विभिन्न | विभिन्न | ८५,१०,०००।- अक्षरेपि पचासी लाख दश हजार रुपैयाँ (मू.अ. कर बाहेक) |

२. इच्छुक बोलपत्रदाताहरुले राष्ट्रिय ट्रमा सेन्टरको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

३. इच्छुक बोलपत्रदाताले २०८३।०७।१६ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु २,०००।- (अक्षरेपि दुई हजार) रुपैयाँ राष्ट्रिय वाणिज्य बैंक, टेकु स्थित यस राष्ट्रिय ट्रमा सेन्टरको कार्यालय कोड ३७०००३५१० राजश्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको

डा. रुद्र प्रसाद मरासिनी
प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

४. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गरी ८ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

५. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औं दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्रसाथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं.१७००१००१०२०३०००० मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ ।

८. बोलपत्रदाताले बोलपत्र भर्दा एकमुष्ठ भर्नु पर्नेछ । बोलपत्र स्वीकत गर्दा एकमुष्ठ रुपमा नै सबैभन्दा अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

१०. कबोल गरेको रकम मूल्य अभिबृद्धि कर बाहेक हुनेछ । स्वीकृत भएको बोलपत्रमा मू.अ. कर बापत थप १३%जोडी लिलाम सकार सम्बन्धी अन्तिम मूल्य हुनेछ ।

११. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु. ८५,१०,०००।- (अक्षरेपि पचासी लाख दश हजार रुपैयाँ (मू.अ.कर बाहेक) रहेको छ ।

१२. यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित कानूनबमोजिम हुनेछ ।

डा. रुद्र प्रसाद मरासिनी
प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट